म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २७३ २०८१ भदौ १० गते सोमबार 26 August 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहोर पानीको प्रयोगले झाडापखाला, हैंजा, टाइफाईड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सिधैं नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर पिऔं
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
- भाँडाहरु सफा पानीले पखालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ३ विधेयक एक वर्षदेखि समितिमा अलपत्र

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको संसदीय समितिमा रहेको ३ विधेयक विगत एक वर्षदेखि अघि बढ्न सकेको छैन । विगत एक वर्षअघि दफाबार छलफल र संशोधनका लागि पठाएको ३ विधेयक संसदीय समितिमा नै अड्किएर रहेको हो ।

प्रदेशसभा संसदीय समितिको बैठक नियमित र व्यवस्थित हुन नसक्दा एक वर्षदेखि विधेयकहरु अलपत्र अवस्थामा रहेको हो। गत भदौमा प्रदेशसभा सचिवालयमा दर्ता तथा संसद बैठकमा पेश भइ दफाबार छलफल तथा संशोधनका लागि समितिमा पठाइएका ३ विधेयकको अझै प्रतिवेदन तयार भइ समितिमा आउन सकेको छैन ।

संसदले दफाबार छलफलका लागि समितिमा पठाएका विधेयकलाई सम्बन्धित समितिको बैठकले क्रमशः दफाहरुमा छलफल गरेर पारित गर्नुपर्ने हुन्छ भने उक्त दफाहरुमा दर्ता भएका संशोधन प्रस्तावका बारेमा समेत छलफल गरी पारित गर्नुपर्ने व्यवस्था रहेको छ । सोहीअनुसार गत २०८० भदौ १२ र २४ गते बसेको प्रदेशसभा बैठकले प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ (संशोधन), प्रदेश कृषि विकास सम्बनधमा व्यवस्था गर्न बनेको विधेयक समितिमा पठाउने प्रस्ताव पारित गरेको थियो भने गत २०८० असोजमा बसेको प्रदेशसभा बैठकले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक २०८० संसदीय समितिमा विचाराधीन अवस्थामा रहेको हो ।

२ विधेयक प्रदेशसभाको शिक्षा तथा स्वास्थ्य समितिमा विचाराधीन अवस्थामा रहेको छ भने एउटा विधेयक उद्योग, पर्यटन तथा वातावरण समितिमा विचाराधीन रहेको छ । प्रदेश स्वास्थ्य ऐन २०७५ (संशोधन) र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा रहेको छ भने प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उद्योग, पर्यटन तथा वातावरण समितिमा रहेको छ ।

पछिल्लो समय संसदीय समितिको बैठकहरु सञ्चालन हुन नसक्दा सो विधेयकहरु समितिमा अल्झिएर रहेका हुन् । प्रदेशसभाका एक अधिकृतका अनुसार संसदीय समिति गम्भिर भएर छलफलमा जुट्ने हो भने २/३ वटा बैठकबाट विधेयकहरु पारित हुनेछ । संसदीय समिति बैठक राख्ने विषयमा समितिका सभापति, सांसदहरु नै जिम्मेवार नबन्दा विधेयकको प्रक्रिया अघि बढ्न नसकेको उहाँले बताउनुभयो ।

संसदको अधिकांश समय सत्ता समीकरण, सरकार परिवर्तन र बजेट निर्माण तथा पारितमा व्यतित हुँदा सो विधेयकहरु ओझेलमा परेको उहाँको भनाइ छ । प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ संशोधन नहुँदा प्रदेशभित्र रहेका २५ देखि २ सय शैया क्षमताका अस्पतालहरु नवीकरण हुन सकेका छैनन् भने अन्य विभिन्न सेवाहरु समेत प्रभावित हुँदै आएको उहाँले बताउनुभयो ।

कृषि विकास तथा हस्तकला क्षेत्रमा लगानी तथा उद्यामशिलता विकासमा काम गर्न निर्माण गरिएको प्रदेश कृषि विकास र हस्तकलासम्बन्धी विधेयक अघि बढ्न नसक्दा सरकारका योजना नै कार्यान्वयनमा आउन सकेको छैन । प्रदेशको आर्थिक क्षेत्रको मेरुदण्डको रुपमा रहेको कृषि र हस्तकलासम्बन्धी विधेयकको विषय अघि बढ्न नसक्दा राजस्व तथा लगानीका विषयमा समेत प्रभाव पर्दै आएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार लामो समय समितिमा विधेयकहरु रहँदा चलखेलको सम्भावना उच्च रहेको छ । प्रदेश स्वास्थ्य सेवा ऐन (संशोधन)मा सोही कारणले केही विषयमा स्वार्थ समूहको चलखेल भएको र सरकार तथा सांसदहरुसमेत परिचालित हुनेगरी प्रस्तावहरु आएको उहाँको भनाइ छ ।

## यस्तो छ समितिमा रहेको विधेयकको अवस्था

शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा रहेको २ विधेयक प्रतिवेदनको अन्मित चरणमा रहेको छ । सो समितिमा रहेको प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ (संशोधन) र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफाबार छलफल र संशोधनसमेत छलफल सकेर प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेको छ ।

समितिकी सचिव हेमा न्यौपानेका अनुसार प्रदेश स्वास्थ्य ऐनको छलफल र संशोधनसमेत सकेर प्रतिवेदन तयार भएर रहेको छ । समितिको बैठक बसेर उक्त प्रतिवेदनको ड्राफ्टलाई अन्तिम रुप दिन बाँकी रहेको उहाँले बताउनुभयो । समितिको एउटा बैठक बसेर सो प्रतिवेदनलाई अन्तिम रुप दिने र पारित गरेर संसद सचिवालयमा पेश गर्न बाँकी रहेको उहाँको भनाइ छ ।

उक्त विधेयकमा रहेका २० वटा दफामा संशोधन परेको उहाँले बताउनुभयो । समितिको विभिन्न चरणको बैठकले विधेयकको हरेक दफामाथि छलफल गरेको थियो भने ५ सांसदले राखेको २० संशोधनसमेत छलफल गरेर निर्णय गरी प्रतिवेदन तयार गरेको समितिकी सचिव न्यौपानेले बताउनुभयो ।

यता, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अन्तिम छलफल र प्रतिवेदन तयार गर्न बाँकी रहेको उहाँले बताउनुभयो । सो विधेयकको दफाबार छलफल सकेर संशोधन प्रस्तावमाथि पनि छलफल र निर्णय अन्तिम चरणमा रहेको उहाँको भनाइ छ । समितिकी सचिव न्यौपानेका अनुसार एउटा बैठक बसेर छलफल तथा संशोधनको निर्णय सक्ने र सोपश्चात् प्रतिवेदन तयार गरेर पारित गर्ने प्रक्रिया बाँकी रहेको छ ।

उद्योग, पर्यटन तथा वातावरण समितिमा रहेको प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक दफाबार छलफलकै क्रममा रहेको छ । सो विधेयकको केही दफामा मात्र छलफल भएको समितिका सचिव राजु श्रेष्ठले बताउनुभयो । २ चरणको बैठकबाट दफाबार छलफल सक्ने र विधेयकमाथि परेको ५ सांसदको ६० वटा संशोधनसमेत निर्णय गर्न बाँकी रहेको उहाँले बताउनुभयो । उक्त विधेयक माथि गत असारमा विज्ञ समूहसँग छलफल गरेर तयार पारेको सुझावहरु समेत समावेश गर्न बाँकी रहेको उहाँले बताउनुभयो ।

## स्वास्थ्य, कृषि र हस्तकला विधेयकका कहानी

बागमती प्रदेशसभाको पहिलो कार्यकालमा नै स्वास्थ्य सेवा ऐन २०७५ (संशोधन), प्रदेश कृषि विकास विधेयक र प्रदेश हस्तकला विधेयक संसदमा दर्ता भएको थियो । पहिलो कार्यकालको सदनको अन्तिमतिर उक्त विधेयकहरु संसदमा दर्ता भएका थिए ।

तत्कालीन समयमा कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी सम्मिलित सरकारले उक्त विधेयक अध्यादेशमार्फत् सदन पठाएको थियो । तत्कालीन मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको सरकारले सो ३ विधेयकसहित कर्मचारीसम्बन्धी २ विधेयक अध्यादेशमार्फत् जारी गरेको थियो ।

निर्वाचनका कारण २०७९ भदौबाट प्रदेश सरकारले संसद् बैठक स्थगित गरेको थियो । संसद बैठक अवरुद्ध भएको बखत प्रदेश सरकारले गत भदौ १ गते प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९, स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९ ल्याएको थियो । तत्कालीन सरकारले २०७९ असोज १२ गते प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश २०७९, असोज ३० गते प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी अध्यादेश २०७९ र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९ जारी गरेको थियो ।

निर्वाचनका कारण उक्त विधेयकहरु सो कार्यकालको सरकारले संसदमा पेश गर्न सकेन र अन्ततः २०७९ पुस १८ मा प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो बैठकमा पेश भएको थियो । संसदमा पेश भएको उक्त अध्यादेशहरु २०७९ माघ २ मा बसेको प्रदेशसभा बैठकले छलफलका लागि सर्वसम्मत स्वीकृत गरेको थियो ।

तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले ती अध्यादेशलाई ऐनका रुपमा मान्यता दिन प्रतिस्थापन विधेयक ल्याउन बाटो खुला गर्न छलफलका लागि प्रदेशसभा बैठकबाट स्वीकृति गराएको थियो । संसदमा पेश भएको ६० दिनभित्र प्रतिस्थापन विधेयक समितिमा पारित गरिसक्नु पर्ने उक्त अध्यादेशहरुमध्ये २ वटाको मात्र प्रतिस्थापन संसदमा पेश भएको थियो ।

२०७९ फागुन १८ मा संसदमा प्रतिस्थापनसहित पारित गरिसक्नु पर्ने ३ अध्यादेशका प्रतिस्थापन विधेयक संसदमा दर्ता हुनै सकेन । कर्मचारीसम्बनधी २ अध्यादेशको प्रतिस्थापन विधेयक संसदमा पेश भयो र फास्ट ट्रयाकबाट विशेष समिति बनाएर फागुन १८ मा पारित गरिएको थियो ।

अध्यादेशबाट आएकाले उक्त विधेयकहरु कार्यान्वयनमा समेत गएको थियो । हस्तकला ग्राम अध्यादेशले व्यवस्था गरेअनुसार हस्तकला ग्राम सञ्चालन तथा व्यवस्थापन समितिसमेत गठन गरी केही बैठकहरुसमेत सञ्चालन गरिएको थियो भने प्रदेश कृषि विकास अध्यादेशले व्यवस्था गरेर अनुसार प्रदेश पोल्ट्री विकास बोर्ड गठनका लागि प्रदेश सरकारले प्रक्रियासमेत अघि बढाएको थियो । तर, प्रदेश स्वास्थ्य सेवा ऐन (संशोधन), प्रदेश कृषि विकास र हस्तकला अध्यादेशका प्रतिस्थापन विधेयक संसदमा प्राप्त हुँदा निष्कृय भएको थियो । सोपश्चात् सरकारले अध्यादेश कार्यान्वयनको प्रक्रियाहरु रोकेको थियो । आन्तरिक तयारी गरेर ६ महिनापछि प्रदेश सरकारले २०८० मा उक्त विधेयकहरु प्रक्रियागतरुपमा संसदमा पठाएको थियो ।

# मन्त्री निवासमा आगोलागी


समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्री विमल ठकुरीको हेटौंडा-९ स्थित निवासमा आगोलागी भएको छ । आइतबार साँझ ७ बजेर ४० मिनेटको समयमा मन्त्री ठकुरीको निवासमा आगोलागी भएको प्रहरीले जनाएको छ ।

मन्त्री निवासको माथिल्लो तलाको सभाहलमा बिजुलीको तार सर्ट भएर आगोलागी भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता लक्ष्मी भण्डारीले आगोलागी भएको समयमा मन्त्री ठकुरी निवासमै भए, नभएको यकिन जानकारी नलिएको बताउनुभयो । " आगोलागी हुँदा मन्त्री ज्यू निवासमा हुनुहुन्थ्यो कि हुनुहुन्थेन थाहा भएन", प्रवक्ता भण्डारीले भन्नुभयो ।

मन्त्री ठकुरीले आफू निवासमा पुगेर आराम गर्दै गर्दा विजुलीको स्विच बोर्डबाट स्पार्क भएको जानकारी दिनुभयो । आगोको झिल्काले जिप्सन बोर्ड सल्किएर आगो लागेपछि सामान बाहिर ल्याएको जानकारी दिनुहुँदै मन्त्री ठकुरीले भन्नुभयो, "आगोलागीबाट कार्पेट र केही इलेक्ट्रोनिक सामान जल्यो । सामान्य क्षति भएको छ । बारुणयन्त्र र प्रहरीको सक्रियतामा आगो नियन्त्रणमा लिन सफल भइयो ।"

आगोलागीबाट इन्भर्टरको चार थान व्याट्री, इन्भर्टरको पावर सप्लाई बक्स १ थान, इन्टरनेट राउटर १ थान, कार्पेट र गलैचा, जिप्सन बोर्डमा क्षति भएको प्रहरीले जनाएको छ । बारुणयन्त्रको सहयोगमा प्रहरीले साँझ ७ बजेर ५५ मिनेटमा आगो नियन्त्रणमा लिएको जनाएको छ ।









# सम्पादकीय

## रंगशालाको सपना साकार हुँदै

हेटौंडाबासीले करिब चार दशकदेखि देखेको व्यवस्थित रंगशालाको सपना साकार हुँदै गएको छ । चार दशक अघि चर्चा सुरु भएको हेटौंडा-६ स्थित गौरीटार रंगशाला निर्माणले गति लिएको हो । रंगशालामा खेल पूर्वाधार निर्माणको काम धमाधम हुन थालेपछि रंगशाला निर्माणको आशा बढेको छ । विसं २०४० सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना गरिएको गौरीटार रंगशाला निर्माणको काम चार दशकसम्म पूरा हुन सकेको छैन । त्यतिबेलै सुविधासम्पन्न रंगशाला बनाउने घोषणा गरिएको भए पनि लामो समयसम्म रंगशाला निर्माण कार्य सुरु हुनै सकेन । विसं २०६६ जेठ २८ गते केन्द्रीय खेलकुद प्रतिष्ठानको नाममा गौरीटार रंगशाला निर्माणको औपचारिक शिलान्यास भएको थियो । तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले झण्डै ५ अर्ब खर्च गरेर ५ वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित प्रतिष्ठानको शिलान्यास गरेको भए पनि डेढ दशकपछि रंगशालाले पूर्णता पाउने सम्भावना देखिएको छ ।

गौरीटार रंगशाला (केन्द्रीय खेलकुद प्रतिष्ठान) निर्माणमा संघीय सरकारले आवश्यक बजेट विनियोजन र पर्याप्त ध्यान नदिएपछि अहिले बागमती प्रदेश सरकारले खेल पूर्वाधार निर्माण अघि बढाएको छ । रंगशालामा पछिल्लो समय फुटबल, क्रिकेट र पौडी खेलका पूर्वाधार निर्माण भइरहेको छ । प्रदेश गौरवको योजनाअन्तर्गत राखेर बागमती प्रदेश सरकारले २०७५ सालबाट रंगशालामा खेल पूर्वाधार निर्माण गरिरहेको छ । अहिले एक प्यारापिटसहितको फुटबल मैदान निर्माण भइसकेको छ । प्रदेश सरकारले अन्तर्राष्ट्रियस्तरको पौडी पोखरी र क्रिकेट मैदान निर्माण गरिरहेको छ । २०८२ असार मसान्तभित्र सम्पन्न गर्ने गरी प्रदेश खेलकुद विकास परिषद्मार्फत् दुबै संरचना निर्माणको भइरहेको छ । ८ करोड ६३ लाख रुपैयाँको लागत अनुमानको पौडी पोखरी निर्माणका लागि ६ करोड २ लाख रुपैयाँमा गत चैत ३० गते ठेक्का सम्झौता भएको छ । यस्तै, ११ करोड ७४ लाख रुपैयाँ लागत अनुमान रहेको क्रिकेट मैदान निर्माणका लागि ९ करोड ४३ लाख रुपैयाँमा गत चैत २० मा ठेक्का सम्झौता भएको छ ।

६ सय दर्शक क्षमताको एउटा प्यारापिटसहित ५ वटा पिच, ७० मिटर रेडिएसको ग्राउण्ड, स्कोर बोर्ड, भिभीआईपी कक्ष, खेलाडी कक्ष, चेन्जिङ रुम, टिभी/रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपांगमैत्री क्षेत्र, पार्किङ्लगायत संरचना निर्माण हुनेछ । प्रदेश सरकारले ७५ करोड रुपैयाँ लागत अनुमानसहित डिपीआर तयार गरेर रंगशालाको खेल पूर्वाधार निर्माण गरिरहेको छ । १९ वटा विधाका खेल संरचना निर्माण गरेर केन्[illegible]ीय खेलकुद प्रतिष्ठानका रुपमा विकास गर्ने संघीय सरकारको योजना बजेट अभावले निरन्तरता पाउन नसके पनि प्रदेश सरकारको अग्रसरताले रंगशाला निर्माण साकार बन्ने भएको छ । प्रदेश सरकारका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले रंगशालाको अनुगमन गर्दै निर्धारित समयभित्रै निर्माण कार्य सक्न निर्देशन दिएका कारण रंगशालाको सपना साकार हुने आशा बढाएको हो ।

प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालनकै समयदेखि रंगशालाको सपना देखे पनि कुनै काम नहुँदा हेटौंडाबासी निरास बनेका थिए । गौरीटार रंगशालालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेल प्रतियोगिता सञ्चालन गर्ने र खेलाडीहरुका लागि बन्द प्रशिक्षणसमेत गराउने भन्दै केन्द्रीय खेलकुद प्रतिष्ठान निर्माण शिलान्यासको करिब एक दशकसम्म पनि रंगशालाको जमिनमा पर्खाल लगाउने कामबाहेक उल्लेख्य खेल पूर्वाधार नबनेपछि हेटौंडाबासीमा फेरि निरासा देखिएको थियो । २०७४ मा प्रदेश सरकार गठन भएपछि बागमतीका प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले रंगशाला निर्माणमा चासो देखाएसँगै रंगशालाले सार्थकता पाउने आशा बढाएको थियो । पछिल्लो समय रंगशालामा खेल संरचना निर्माणको काम धमाधम अघि बढेपछि हेटौंडामा सुविधासम्पन्न र व्यवस्थित रंगशालाको सपना साकार हुने भएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : शरीरमा थकान र उत्पासहको कमी आउने समय छ ।
**वृष** : शरीरमा स्वास्थ्य र वुद्धि निर्मल बन्ने योग छ ।
**मिथुन** : पुरुषार्थी कामले समाजमा स्थापित भइने छ
**कर्कट** : विचार र भावमाथि नियन्त्रण गर्दा राम्रो ।
**सिंह** : गोपनियतामा विशेषमा विशेष विचार राख्नुपर्ला ।
**कन्या** : हैसियतमा वृद्धि हुने समयको योग छ ।
**तुला** : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ ।
**वृश्चिक** : चहाना र सपनालाई जीवनल्ता तुलाइने छ ।
**धनु** : आर्थिक पक्ष त्यति लाभ रहने छैन ।
**मकर** : राजनीतिक र साहित्यक कृतिमा सक्रियता बढ्ला ।
**कुम्भ** : कामबाट सोचेको अनुरुप लाभ हुनेछ ।
**मीन** : मान्यजन र निकट व्यक्तिसँग मन बढ्ने छ ।

# श्री कृष्ण जन्माष्टमी



**घनश्याम ढकाल**



*मंगलं परमात्माच मगलं भक्तवत्सलम:*
*मंगलं सच्चिदानन्दो मंगलं व्रजबल्लभ:*

भाद्र कृष्ण अष्टमीका दिन मनाइने श्री कृष्ण जन्माष्टमी पर्व श्री कृष्ण प्राकट्य महोत्सव पूर्वब्रह्म परमात्मा श्री कृष्णको पूजा आराधना गरी मनाइन्छ । विश्वभरका हिन्दू धर्मावलम्बी अनि श्री कृष्णका भक्तहरु तथा सुन्दर साथहरुले आज भक्तका अति नै प्रिय प्राणबल्लव श्री अक्षराति श्री कृष्णको प्राकट्य महोत्सव एवम् जन्मदिवस मनाउँदैछन् ।

हातमा बाँसुरी शिरमा मुकुट, शितल बगैंचा वृन्दावनमा जीवजन्तुहरुको साथमा गोपिनी सखीहरुको मायामा बाँसुरीको मधूर धून बजाउने आत्माका प्यारा प्राण वल्लभ कन्हैया श्री कृष्ण आजैको दिन मामा कंशको कैदमा रहनु भएका पिता वसुदेव र माता देवकीको गर्भबाट प्रकट हुनु भएको शास्त्रीय मान्यता रही आएको छ ।

*वसुदेव गृहे साक्षात् भगवान् पुरुष: पर: ।*
*जनिष्यते तात्प्रियार्थ संभवन्तु सुरस्त्रीय: ।।*
*(भागवत-१०)*

वासुदेव वन्दीगृहमा साक्षात् पुरुषोतम् दिव्यधामबाट आफ्ना ब्रह्मप्रियाहरुको उद्दारणार्थ प्रकट हुनुभएको हो भनी राजा परिक्षितलाई सुकदेव मुनिले बताउनु भएको छ । उनै विष्णुले कृष्णावतार लिनुभएको तर भगवत् दशम स्कन्दमा श्री कृष्णको त्रिधालिला हेर्दा विष्णु र कृष्णमा भेद फरक पाइन्छ ।

*सर्वेश्वरेश्वर कृष्ण सर्वकारण कारणे ।*
*सर्वाध्य सर्वदेवानां सेव्यं सर्वान्तरात्मन: ।।*
*'ब्रह्मवैवर्तपुराण'*

सबै नारायण आदि ईश्वरका पनि ईश्वर, कारणका पनि कारण, सबै देवताहरुले धपाइएका, सबैका आत्मास्वरुप श्री कृष्णलाई अरु देवता बराबर मात्र सम्झेमा ब्रह्महत्या गरेको पाप लाग्दछ, वसुदेवजी श्री कृष्णलाई गोकुलमा लान स्पर्श गर्नुहुन्छ । ब्रह्मशक्तियुक्त बालकको स्पर्श गर्ना साथ आफ्ना अंगका प्रत्येक बन्धन छुट्छन् । अनि एक टोकरी त्यहाँ आइपुग्दछ । टोकरीमा कंश कारागारमा प्रकट हुनु भएको बालकलाई उठाएर राखी निस्कन लाग्दा ढोका आफैं खुल्दछ । पाले पहराहरु मस्त निन्द्रामा पर्दछन् ।

*बासुदेव सुत श्रीमान् वासुदेव खिलात्मनि ।*
*लिनो नन्द सुतौ राजन विद्युत मेघे यथा तथा ।।*

क्षरदेखि पर अक्षर, अक्षरदेखि पर अक्षरातीले धामबाट एउटा कामका लागि आएर करोडौं कार्य सफल गर्न नन्दघरमा परमपुरुषको शक्तिस्वरुप तेजस्वी बालक प्रकट हुनुभएको बालकमा वासुदेवले टोकरीमा हालेर लानुभएको बालक बिजुली चम्केझैं गरी मिल्न गई एकैरुप हुनु भएको बालकलाई गर्गाचार्यले गुणअनुसार श्री कृष्ण नामाकरण गर्नु भयो ।

बासुदेवले आफूले लगेको बालक दिव्य पुरुषमा जब मिली एक भयो अनि योगमाया शक्तिलाई लिएर कारागृहमा एवम् बन्दीगृहमा प्रवेश गर्नासाथ वसुदेव पूर्ववत् बन्धनबाट मुक्त हुनु भयो ।

बालिका कारागारमा भित्र प्रवेश भएपछि रोदन गर्न लाग्नुभयो । बालिकाको स्वर सुनी पालेपहराहरु व्युँझिएर कंश कहाँ गई खबर गर्नुभयो । उता कंश पनि अष्टम् गर्भको प्रतिक्षामा थिए । कंश तुरुन्त आई बालिका खोस्न लागेपछि देवकीले बहुत बिन्ती गर्दा पनि छोड्दै छोडेनन् । बालिका खोसी शिलामा पछार्न लाग्दा कंशको हातबाट फुत्की आकाशमा गएर दिव्यस्वरुप लिई कंशलाई भन्न लागिन् "हे पापी कंश । तैले मलाई के मार्लास् । तेरो काल गोकुल पुगिसक्यो याद गर्नुहोस् । यति भनी उनी विन्ध्याचल पर्वतमा गई विन्ध्यवासिनी भएर बस्नुभयो । उता गोकुल गाऊ नन्दघरमा जय जय जयकार हुन थाल्यो । आज पनि घर-घरमा जय जय जयकार भइरहेको छ ।


अन्त्यमा श्री कृष्ण प्रकट महोत्सव तथा श्री कृष्ण जन्माष्टमीको सबैमा हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछु । प्रेम प्रणाम ।

*(ढकाल हेटौंडा-१६, हटिया प्रणामीनगर स्थित श्री कृष्ण प्रणामी मन्दिर गुरुधामको अध्यक्ष हुनुहुन्छ ।)*

# हर्मोन गडबडीले पनि हुनसक्छ क्यान्सर



**डा. समिम अख्तर कन्सल्टेन्ट मेडिकल अन्कोलोजिस्ट**



क्यान्सर र हर्मोन रसायनको सम्बन्ध विशेष र रोचक खालको हुन्छ । हर्मोन भनेको रासायनिक सूचक तत्त्व हो, जसको आफ्नै रसायनिक प्रकृति र प्रवृत्ति हुन्छ । शरीरमा हर्मोन उत्पादन हुने ग्रन्थी हुन्छ । सो ग्रन्थी र विभिन्न अंगहरुले हर्मोनको उत्पादन र श्राव नियमित रुपमा गर्छन् ।

हर्मोनहरूले अत्यन्त सूक्ष्म मात्राको उपस्थितिले पनि विभिन्न अङ्ग र त्यसको कार्य प्रणालीमा तीव्र प्रभाव पार्छन् । हर्मोन विना शरीरले कुनै पनि कार्य गर्न सक्दैन । त्यसैले शरीर स्वस्थ रहन हर्मोन सन्तुलनमा रहनुपर्छ ।

यसको सन्तुलनमा तलमाथि भएमा स्वास्थ्य समस्या देखिन थाल्छन् । त्यति मात्र होइन, हर्मोनकै समस्याले पनि कतिपय अवस्थामा क्यान्सर गराउन सक्छ ।

### हर्मोनको उत्पादन सञ्चय र स्राव गर्ने प्रमुख अंग

- पिट्युटरी ग्रन्थी
- पाराथाइराइड
- टेस्टिस (अण्डकोष)
- हाइपोथालामस
- प्यान्क्रियाज
- एड्रिनल ग्रन्थी
- प्लासेन्टा (साल)
- पिनाइल ग्रन्थी
- थाइराइड ग्रन्थी
- डिम्बाशय

यी अंगमा उत्पादन हुने हर्मोनमा समस्याले कहिलेकाहीं क्यान्सरको रुप लिन्छ । हर्मोनबाट स्वचालित क्यान्सर प्रमुख दुई समूहमा विभाजन गरिन्छ ।

पहिलो समूहमा हर्मोन ग्रन्थीमा हुने क्यान्सर, ग्रन्थीको आकार बढ्ने र हर्मोनको उत्पादन तीव्र रुपमा वृद्धि हुने क्यान्सर पर्छ । यो अवस्थालाई चिकित्सकीय भाषामा 'प्राइमरी इन्डोक्राइन ट्युमर' भनिन्छ ।

दोस्रो भनेको क्यान्सर प्रभावित अङ्ग आफैंले हर्मोन उत्पादन गर्दैन तर शरीरका अन्य अंगबाट उत्पादन भएको हर्मोनको प्रयोग गरी क्यान्सरको आकारमा वृद्धि हुने र फैलिने हुन्छन् ।

यी क्यान्सर कोषिकाहरूको सतहमा हर्मोन रिसेप्टर हुन्छन् । जुन वृद्धि हुनका लागि हर्मोनको सहायता आवश्यक हुन्छ । हर्मोनका कारण विकसित हुने क्यान्सरमा महिलामा हुने स्तन, पाठेघर (इन्डोमेट्रियल क्यान्सर), डिम्बाशय क्यान्सर र पुरुषमा हुने प्रोस्टेट क्यान्सर पर्छन् ।

### स्तन क्यान्सर

यो एक बहुस्वरुपी (हेटेरोजेनस क्यान्सर) हो । यो उत्पत्ति र प्रकृतिको आधारमा आफैंमा थुप्रै किसिमको हुन्छ ।

नयाँ पत्ता लागेका स्तन क्यान्सर मध्ये ७५ प्रतिशत हर्मोन रिसेप्टर पोजिटिभ स्तन क्यान्सर हुन्छन् । इस्ट्रोजेन रिसेप्टर पोजिटिभ स्तन क्यान्सरका बिरामीलाई (टामोक्सीफेन) हर्मोन औषधिद्वारा उपचार गरिन्छ । अन्य औषधि जस्तै फुलभेस्ट्रेन्ट, ऐनास्ट्राजोल, लेट्रोजोलको पनि प्रयोग हुन्छ । यस बाहेक अहिले सीडीके–४–६ रिसेप्टर विरुद्ध पाल्बोसीक्लीब, राइबोसीक्लीभ लगायत औषधि दिइन्छ ।

यदि ह्युमन इपिडर्मल रिसेप्टर पोजेटिभ छ भने हरसेप्टीन/ट्रासटुजुमाव भन्ने औषधि दिइन्छ । यी औषधिहरु केमोथेरापी होइनन् ।

तथापि, यी औषधिको प्रयोग गर्दा रगतको कमी हुने, छालामा सुक्खापन हुने, छालामा सानो घाउ हुने, पखाला लाग्ने, बान्ता हुने, हातखुट्टा झमझमाउने र मुटुमा समस्या देखिने र औषधिको दुष्प्रभाव झेल्नुपर्ने हुनसक्छ ।

स्तन क्यान्सर यो प्रविधिबाट उपचार हुनसक्छ । केही महिना वा वर्षपछि क्यान्सरका कोषिकाहरुले हर्मोन रिसेप्टर माथि कार्य गर्ने हर्मोन औषधि विरुद्ध प्रतिरोध क्षमता विकसित गरेमा क्यान्सर रोग बढ्ने वा रोग फर्केर आउने हुन्छ ।

स्तन क्यान्सरको उपचार पछि केही समय अन्तरालमा इस्ट्रोजन हर्मोन र प्रोजेस्टेरोन हर्मोन खेर जान्छन् । जसकारण स्तन क्यान्सरको हर्मोन उपचार केही समयपछि विफल हुनसक्छ ।

अर्को थरीको स्तन क्यान्सर जसलाई ट्रिपल नेगेटिभ भन्छौं । यसमा इस्ट्रोजेन, प्रोजेस्टेरोन र ह्युमन इपिडर्मल ग्रोथ फ्याक्टर रिसेप्टर तीनवटै हुँदैनन् । यस्तो स्तन क्यान्सरमा हर्मोन उपचारले काम गर्दैन । यो अत्याधिक जोखिमपूर्ण क्यान्सर हो । अत्याधिक बोसो र तेलयुक्त खानाले स्तन क्यान्सर हुन मद्दत गर्छ ।

### डिम्बाशयको क्यान्सर

विश्व तथ्यांकअनुसार महिलामा मृत्युदर बढाउने पाँचौं क्यान्सर डिम्बाशयको क्यान्सर हो । गोनाडोट्रपीन रिलिजिंग हर्मोन (जीएनआरएच) ले ल्युटिनाइजिङ हर्मोन (एलएच) र फोलिकल स्टिमुलेटिङ हर्मोन (एफएसएच) लाई पिट्युटरी ग्रन्थीबाट उत्पादन हुन मद्दत गर्छ ।

यी दुई हर्मोनले डिम्बाशय क्यान्सर हुनमा भूमिका खेल्छन् । यदि पिट्युटरी ग्रन्थी भई जीएनआरएच हर्मोनलाई निष्क्रिय बनाउन सकेमा यो क्यान्सर केही हदसम्म सुकेर जान सक्छ । स्तन क्यान्सर र डिम्बाशय क्यान्सर दुवैमा ब्राका म्युटेसन (बीआरसीए म्युटेसन) पाइन्छ । दुवै रोगमा यो समान देखा पर्छ ।

यस कारण यी दुवै क्यान्सर विरुद्ध इस्ट्रोजेन रिसेप्टर एन्टागोनिस्ट, पीआरपीए इनहिबिटर र एमटीओआर इनहिबिटर समूहका औषधिले राम्रो काम गर्न सक्छन् ।

### प्रोस्टेट क्यान्सर

प्रायजसो प्रोस्टेट क्यान्सर सुरुको अवस्थामा एन्ड्रोजेन हर्मोनमा निर्भर हुन्छन् । एन्ड्रोजेन हर्मोन पुरुषहरुमा बढी मात्रामा पाइने हर्मोन हो । यो हर्मोनले प्रोस्टेट ग्रन्थीलाई स्वस्थ राख्ने काम गर्छ ।

यही हर्मोनको गडबढी प्रोस्टेट क्यान्सर हुनुमा भूमिका पनि खेल्छ । प्रोस्टेट क्यान्सर पत्ता लाग्ने समयसम्म ८० प्रतिशत क्यान्सर प्रोस्टेट ग्रन्थीभित्रै रहेको हुन्छ । २० प्रतिशत अन्य ठाउँमा सरिसकेको हुन्छ ।

प्रोस्टेट क्यान्सरमध्ये एउटा सानो समूहमा एन्ड्रोजेन रिसेप्टर भेटिंदैन । यस्ता प्रोस्टेट क्यान्सरहरूमा हर्मोन थेरापीको उपचार उपयोगी नहुन सक्छ ।

ती क्यान्सर अत्यधिक आक्रमक र हानिकारक हुन्छन् । तसर्थ यस्तो अवस्थामा केमोथेरापीबाट गरिन्छ । यसको विपरीत एन्ड्रोजेन डिपेन्डेन्ट प्रोस्टेट क्यान्सरको उपचार हर्मोन थेरापीको माध्यमबाट उपचार हुन्छ । यस्ता क्यान्सरको उपचारमा एन्ड्रोजेन हर्मोनका एन्ड्रोजेन डिप्राइभेसन थेरापी गर्नु नै उत्तम उपचार हो ।

ती थेरापीले टेस्टास्टेरोन घटाउन नसकेको खण्डमा क्यान्सर नै जटिल खालको बन्न सक्छ । यस्तो बल्झेको वा जटिल खालको क्यान्सरलाई 'क्यासट्रेसन रेसिसटेन्ट प्रोस्टेट क्यान्सर' भन्ने गरिन्छ ।

### इन्डोमेट्रियल क्यान्सर

इन्डोमेट्रियल क्यान्सर महिलाको पाठेघरभित्र हुने क्यान्सर हो । यो महिलामा धेरै हुने क्यान्सरमध्ये पर्छ । यो क्यान्सर हुनुमा इस्ट्रोजेन र प्रोजेस्टोरोन हर्मोनको मुख्य भूमिका हुन्छ ।

यद्यपि, हर्मोनको प्रयोगबाट मात्र यो क्यान्सरको पूर्ण उपचार सम्भव छैन । अधिकतरमा पाठेघर निकाल्नुपर्ने शल्यक्रिया गरिन्छ ।

बिरामीले क्यान्सर रोगको राम्रो उपचार पाउन क्यान्सर रोग विशेषज्ञसँग प्रत्यक्ष भेटेर परीक्षण गराएपछि मात्र रोगको निदान, उपचार र नियन्त्रण हुन्छ ।

*(स्रोत: अनलाईनखबर)*

# ७५ जनाको निःशुल्क स्वास्थ्य जाँच



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-६ गौरीटार स्थित मुलमिलावा धाममा भएको निःशुल्क स्वास्थ्य शिविरमा ७५ जनाको स्वास्थ्य जाँच गरिएको छ। शनिबार श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल 'मुलमिलावा धाम' हेटौंडा उपमहानगर पालिका-६, गौरीटारले स्वास्थ्य शिविरको आयोजना गरेको थियो ।

सिद्धस्थली अस्पतालको सहकार्यमा भएको शिविरमा ७५ जनाले स्वास्थ्य जाँच गरेका परिषद्का अध्यक्ष प्रदिप बास्तोलाले जानकारी दिनुभयो। परिषद्ले साताव्यापी कार्यक्रमको छैठौं दिन स्वास्थ्य शिविरको आयोजना गरेको हो। कृष्ण जन्माष्टमीको अवसरमा सञ्चालन भएको स्वास्थ्य शिविरमा सेवाग्राहीहरुको सामान्य जाँच गरिएको बास्तोलाले बताउनुभयो । शिविरमा उच्च रक्तचाप, मधुमेह, पिसाब जाँच, मुटु सम्बन्धी, रक्तजाँच लगायतको जाँच गरिएको थियो। परिषद्ले शिविरमा निःशुल्क औषधी पनि वितरण गरेको थियो।

शिविरमा सिद्धस्थली अस्पतालका डा. विष्णु प्रसाद श्रेष्ठको टोलीले सेवाग्राहीको स्वास्थ्य जाँच गर्नु भएको थियो । उक्त कार्यक्रममा युवा परिषद्का कोषाध्यक्ष मोहन खतिवडाले मुलमिलावालाई प्राथमिक उपचार किट (फस्ट एड किट) प्रदान गर्नु भएको थियो। परिषद्का केन्द्रिय उपाध्यक्ष प्रमोद वाग्लेको प्रमुख आतिथ्यमा भएको स्वास्थ्य शिविरमा परिषद्का अध्यक्ष प्रदिप बास्तोलाको सभाध्यक्षता रहेको थियो ।

परिषद्ले भदौ ४ गते मंगलबार देखि १० गते सोमबारसम्म विभिन्न कार्यक्रमको आयोजना गरेको छ। परिषद्ले आइतबार मन्दिर सरसफाई कार्यक्रमको आयोजना गरेको छ भने अन्तिम दिन सोमबार जन्माष्टमी भव्यरुपले मनाउने भएको छ । बास्तोलाका अनुसार परिषद्ले सप्ताहव्यापी कार्यक्रमका लागि २ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

**बुधबारे बालसाहित्य :** यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।
**सम्पादक ।**

# पारिजातपथ टोलको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित पारिजातपथ टोल विकास संस्थाको १६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। शनिबार संस्थीकी अध्यक्ष सिर्जना पौडेलको सभाध्यक्ष तथा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा साधारण भएको हो ।

साधारणसभाको अवसरमा संस्थाले ज्येष्ठ नागरिक, विद्यार्थी, खेलाडी र साहित्यकारलाई सम्मान गरेको छ । संस्थाले टोलभित्रका ज्येष्ठ नागरिक जोगेन्द्र ठकुरीलाई सम्मान गरेको छ। यस्तै हेटौंडा फुटबल एकेडेमीका प्रशिक्षक एवम् रेफ्री भीम लामा र साहित्यकारतर्फ सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेलाई सम्मान गरेको छ। एसईईमा उत्कृष्ट नतिजा ल्याउने सक्षम पौडेल र कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने शुभम् दासलाई सम्मान गरेको छ ।

कार्यक्रममा संस्थाकी अध्यक्ष पौडेलले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्षले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । अध्यक्ष पौडेलले संस्थाले डेङ्गु रोग नियन्त्रणबारे वडाभित्र सचेतना कार्यक्रम, बालबालिकाका लागि खेलकुद लगायत विभिन्न सरसफाईका कार्यक्रमहरु आयोजना गरेको बताउनुभयो । उहाँका अनुसार टोलभित्र २ सय घरधुरी छ ।

कार्यक्रममा हेटौंडा-४ की वडासदस्य गीता त्रिपाठी, हेटौंडा-५ की सदस्य रञ्जिता सिलवाल, नगर टोल विकास समन्वय समितिका महासचिव शिवहरी दाहाल, हेटौंडा-४ स्तरीय टोल विकास समितिका संयोजक राजेन्द्र बास्ताकोटी र वडा बाल सहजकर्ता अमिषा अधिकारी लगायतको उपस्थिति रहेको थियो।




# जंगली हात्तिले चेपाङको घरमा क्षति पुऱ्यायो

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिकामा जंगली हात्तिले एक घरमा क्षति पुऱ्याएको छ। शनिबार राती साढे ९ बजेको समयमा मकवानपुरको मनहरी गाउँपालिका-८, सिम्पानीस्थित माइला चेपाङको घरमा हात्तिले क्षति पुऱ्याएको हो।

प्रहरी, स्थानीय र मध्यवर्ती क्षेत्र पर्सा पदमपोखरी सेक्टर लामिटार ब्यारेकबाट नेपाली सेनाको टोलीले घटनाका बारेमा बुझेका थिए । हात्तिले माइला चेपाङको जस्ताले छाएको काठको एक तले घर आंशिक रुपमा क्षति पुऱ्याए पनि मानवीय र चौपाया क्षति नभएको बताइएको छ । हात्ति शनिबार राती नै जंगलतर्फ फर्किएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । मनहरी गाउँपालिकामा पछिल्लो समय जंगली जनावरले क्षति पुऱ्याउने क्रम बढेको छ। शुक्रबार बिहान पनि स्थानीयको गोठमा भैंसीमाथि बाघले आक्रमण गरेको थियो। भैंसीले प्रतिकार गर्दा बाघको मृत्यु समेत भएको थियो ।

## संजिवनी बचत तथा ऋृण सहकारी संस्था लि.

हेटौँडा-५, पिप्ले, मकवानपुर

### २३औं वार्षिक साधारणसभामा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८१।०५।०६ गते बिहीबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २३औं वार्षिक साधारण सभा तपसिल बमोजिम गर्ने भएकोले तोकिए अनुसार शेयर सदस्यज्यूहरुको सक्रिय सहभागिताका लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**कार्यक्रम :-**
मिति : २०८१।०६।१२
समय : विहान १०:०० बजे
स्थान : बाल कुमारी पार्टि प्यालेस, हेटौँडा-५, पिप्ले ।

**साधारण सभामा छलफलका विषयहरु**
१) साधारणसभाको वैधानिकता सम्बन्धमा ।
२) उपस्थिति एवम् निर्णय प्रमाणित प्रतिनिधि चयन सम्बन्धमा ।
३) संचालक समितिको तर्फबाट अध्यक्षको भनाईसहित प्रतिवेदन सम्बन्धमा ।
४) सचिवद्वारा प्रस्तुत संस्थागत र ऋृण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
५) वार्षिक प्रतिवेदन तथा वार्षिक अनूमानित वजेट सहितको कोषाध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
६) आ.व. २०८०।०८१ लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
७) आ.व. २०८०।०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनूमोदन सम्बन्धमा ।
८) आ.व. २०८१/०८२ को लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
९) लाभांस, बोनस तथा संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा ।
१०) सम्मान पुरस्कार वितरण सम्बन्धमा ।
११) संचालक समितिबाट पारित नीति तथा कार्यविधि अनुमोदन सम्बन्धमा ।
१२) बाहय ऋृण सम्बन्धमा ।
१३) व्याज छुट तथा मिनाहा सम्बन्धमा ।
१४) विविध

**विनोद कुमार पुडासैनी**
**सचिव**

# बालजागृतिका विद्यार्थीको आवाज





श्रीमद् पुडासैनी
कक्षा-५

## यार्चा

**पुस्तक समीक्षा**



रिदिमा उलक

लेखक परिचयः दुई दशकभन्दा लामो समयदेखि बाल साहित्य सिर्जनामा समर्पित अनन्त वाग्लेका ४० भन्दा बढी पुस्तक प्रकाशित छन्। उनी प्रखर कवि लेखक र कुशल सम्पादक पनि हुन् । उनले युवा वर्ष मोती पुरस्कार, साझा बाल साहित्य पुरस्कार, सर्वोत्कृष्ट पुस्तक पुरस्कार लगायत राष्ट्रियस्तरका विभिन्न पुरस्कार प्राप्त गरिसकेका छन्। यस यार्चा पुस्तकमा उनले नेपाली प्रकृति तथा कठिन हिमाली जीवनशैली प्रस्तुत गर्दै बालबालिकामा करुणा र विवेक भर्ने सुन्दर कथा बुनेका छन् । यस पुस्तकलाई काठमाडौँ पब्लिकेसनले २०७३ मा प्रकाशनमा ल्याएको हो । यो पुस्तकले ७४ मा दोस्रोपटक ७६ मा तेस्रो पटक र ७९ मा चौथोपटक गरी पटकपटक प्रकाशित हुने अवसर पाएको छ ।

**विषयवस्तुः**
यस कथाको मुख्य पात्र मोतीको प्रमुख भूमिकामा यो कथा अगाडि बढेको छ। एकदिन मोती हतार-हतार विद्यालय पुग्छिन् । विद्यालय आएपछि उनले विद्यार्थीलाई एकै ठाउँमा भेला भएको देख्छिन्। यस वर्ष प्रधानाध्यापकले यार्चा संकलनका लागि बिदा नदिने निर्णय गरेका छन्। त्यो देखेर सबैजना चिन्तित र दुःखी हुन्छन्। किनभने यार्चा बेचेर नै घरमा खान र ऋृण तिर्न मद्दत पुगेको हुन्छ। प्रधानाध्यापकले टाँसेको यो सूचना देखेर सबै विद्यार्थीहरु विरोधमा आउँछन् र अभिभावकहरूले पनि विद्यालय छुट्टी दिनुपर्छ भनेर निकै कर गर्छन् ।

विद्यालय छुट्टी हुन्छ सबैजना यार्चा खोज्नका लागि हिमालतिर उक्लन्छन् । गाउँका वृद्धा र केटाकेटी बाहेक सबैजना हुल बाँधेर गाउँ नै रित्तो हुने गरी यार्चाको खोजीमा निस्केका हुन्छन् । एकै दिनमा यार्चा टिप्ने ठाउँमा नपुगिने हुँदा उनीहरू बाटोमा बास बसेर यार्चाको खोजीमा अगाडि बढ्छन् । लेकको निकै कष्टकर बसाई खानाको राम्रो व्यवस्था नहुँदा र शरीरमा तागत समेत नहुँदा यार्चा टिप्न गएकाहरू बिरामी पर्न थाल्छन्। यसैबीच काका कालीबहादुरको पनि यार्चा टिप्न जाने क्रममा नै निधन हुन्छ।

ती गरिबहरूको कृपाले छाप्रोमा पनि राति चोरहरू आएर उनीहरुले लगेका भाडाकुडा समेत चोरी गर्छन् । मौसम एकदमै खराब भएका कारण यार्चा टिप्न निकै चुनौती हुन्छ। र साना केटाकेटीलाई त झन् लेक लागेर बिरामी नै पर्न थाल्छन्। यार्चा खोज्न गएका आमाबुबा पनि आफ्ना बिरामी बच्चाहरुलाई ध्यान दिन सक्दैनन् । यति दुःख गरेर यार्चा टिप्नका लागि निस्केका उनीहरूले यस वर्ष भनेजति मात्रामा यार्चा ल्याउन सक्दैनन्।

**पात्रहरूः**
यस बाल उपन्यासभित्र मोती, लाले, आमा, बुबा परिवारका अन्य सदस्यहरू, पवन सर, डाक्टर र नेपाली चोर पात्रहरू रहेका छन्। यिनै पात्रहरूले यस कथालाई अगाडि बढाएका छन् । यी पात्रहरूमध्ये पनि यस उपन्यासलाई सुरुदेखि अन्त्यसम्म डोऱ्याउने मुख्य पात्र मोती रहेको छ । मोतीले यस कथामा भाइबहिनीहरूलाई हेरचाह गर्ने आमाबुबाको काममा सहयोग गर्ने र सँगै गएका अन्य केटाकेटीलाई पनि कथा सुनाएर हेरचाह गरेको छ ।

**वातावरणः**
यस उपन्यासमा यार्चा टिप्न जाने गाउँलेहरूका घर, गाउँ, त्यहाँको बाटोका बारेमा बताएको छ। घना जंगलहरु, हिँड्नलाई अप्ठ्यारो बाटो, हिउँ परेको अवस्था, चट्टानी पहाडलाई हिउँले छोपेर देखिएको रमाइलो दृश्य, विद्यालय, चौतारो आदि ठाउँहरु यो उपन्यासमा रहेका छन् ।

**कथाको मुख्य सन्देशः**
यार्चा काठमाडौँ प्रकाशनले प्रकाशनमा ल्याएको बाल उपन्यास हो । जसले हिमाली भेगका गरिब अवस्था बिताइरहेका मानिसहरूको कष्टकर जीवनशैली बारे बताएको छ । एक हिसाबले भन्ने हो भने ती मानिसहरूको साहस र सङ्घर्षको कथा हो यो उपन्यास। हिमाली भागमा बसोबास गर्ने नेपालीहरूले भोगेका आर्थिक कठिनाई, गरिबीको पीडा, गाउँलेहरूको स्वच्छ भावनाका लागि भोग्नु परेका उतारचढावहरू यी सबै अवस्थालाई यस कथाले समेटेको छ । विद्यालय छोडेरै यार्चा टिप्न जानुपर्ने विद्यार्थीहरूको पीडा, सानै उमेरमा घरको आर्थिक बोझले थोपरिदिएको जिम्मेवारी, यी सबै कुराहरु यस कथाले प्रस्ट्याएको छ । र अन्तमा जस्तोसुकै अप्ठ्यारो परिस्थितिमा पनि बाँच्न डराउनु हुँदैन । र जीवन धान्नका लागि जस्तो पनि संघर्ष गर्नुपर्ने रहेछ भन्ने सन्देश यस कथाले दिएको छ।

**भाषाशैलीः**
पुस्तकमा प्रयोग भएको भाषा वा शब्द नौला शब्दहरू पनि रहेका छन् । जसले पुस्तकले भन्न खोजेको कुरालाई सजिलै बुझ्न अलि कठिनाइ भएको छ ।

**शीर्षक सार्थकताः**
यस कथाले भन्न खोजेको कथावस्तु र यसले राखेको शीर्षक बीच मेलमिलाप देखिन्छ। किनभने यार्चा शीर्षक राखिएको यस उपन्यासले यार्चाकै बारेमा बताएको छ।

**पाठकीय प्रतिक्रियाः**
यो पुस्तक मलाई निकै रमाइलो लाग्यो । हामी नेपालीहरूले एउटै भूगोलभित्र रहेर पनि फरक-फरक जीवनशैली बाँच्नुपरेको कथा यस उपन्यासले छर्लङ्ग पारिदिएको छ। कतै सुविधा नै सुविधाले थुप्रो लागेको छ भने कतै बिहान र बेलुका छाक टार्न पनि कठिन परेको अवस्था हाम्रै नेपालभित्र रहेको पाइयो । हिमाली कष्टकर जीवनशैली बाँचेका ती बालबालिकाहरूलाई सम्झँदा मलाई निकै दया लाग्यो । लेखकलाई यस्तै यस्तै पुस्तकहरू लेख्नुहुन अनुरोध गर्दछु ।
*कक्षा-६*

# पहिरोमा परी ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः रामेछापको दोरम्बा शैलुङ गाउँपालिका-३ टोकरपुरस्थित लेकखर्कमा पहिरोमा परेर ६ जनाको मृत्यु भएको छ। शनिबार रातिको अविरल बर्षासँगै आएको पहिरोले घर बगाउँदा ६ जनाको मृत्यु भएको हो।

पहिरोले पुरिएको अवस्थामा घटनास्थलबाट शव निकालिएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ। हालसम्म ३० वर्षीय चण्डिका श्रेष्ठ, सोही ठाउँका १८ महिने बालक आमुस श्रेष्ठ, ५७ वर्षीया उर्मिला पहरी, ३० वर्षीय सन्दीप पहरी, १४ वर्षीय विज्ञान पहरी र ११ वर्षीय सन्तोष पहरीको शव पहिरोबाट निकालिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार घटनामा अझै चार जना वेपत्ता रहेका छन्। नेपाली सेना, प्रहरी, स्थानीय उद्दार र खोजी कार्यमा जुटिरहेका छन्। पहिरोमा फड्की पहरी, काले पहरी, भ्याउकिरी पहरी र बिन्दा पहरी बेपत्ता रहेको जनाइएको छ। पहिरोमा परेर घाइते अवस्थामा ११ वर्षीया अञ्जना पहरीको भने उद्दार गरिएको छ। उनलाई कम्मर भन्दा मुनिको भाग नचल्ने अवस्थामा उद्दार गरिएको प्रहरीले जनाएको छ।

# गोर्खा ब्वाइज क्लबलाई सहयोग

समाज संवाददाता

हेटौंडाः आउँदो शुक्रबारबाट सुरु हुन लागेको मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा सहभागी हुने गोर्खा ब्वाईज क्लबलाई हेटौंडा-५, स्थित हेटौंडा सिटी कलेजले सहयोग गरेको छ। कलेजले गोर्खा ब्वाईजलाई ३० थान ट्र्याक सुट सहयोग गरेको हो। कलेजका प्रिन्सीपल श्रीबहादुर कार्कीले आइतबार कलेजमै क्लबका अधिकारीलाई ट्र्याक हस्तान्तरण गर्नुभयो।

कलेजले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत क्लबलाई सहयोग गरेको जनाएको छ। गोर्खा ब्वाइजलाई आइतबार नारायणी कलेजले पनि जर्सी सहयोग गरेको छ। आइतबार कलेजमा एक समारोहका बीच कलेजका प्रिन्सीपल रघुनाथ खरालले जिल्ला लिग फुटबलमा सहभागी हुन गोर्खा ब्वाइज क्लबलाई करिब २५ हजार रुपैयाँ बराबरको २५ थान जर्सी सहयोग गर्नुभएको हो। क्लबमा क्याप्टेन अलित देउला, गोलरक्षक पुजन खड्का र टिम म्यानेजर सञ्जिव देउलालाई प्रिन्सीपल खरालले जर्सी हस्तान्तरण गर्नुभएको हो।

जिल्ला लिग फुटबलमा सहभागी हुनका लागि नियमित प्रशिक्षण गराइरहेको क्लबका सल्लाहकार युवराज लामाले जानकारी दिनुभएको छ। क्लबले लिगमा सहभागी हुन खेलाडीहरुलाई नियमित प्रशिक्षण गराइरहेको कारणले पनि कलेजले जर्सी प्रदान गरेको उहाँले बताउनुभयो। क्लबका खेलाडीहरुलाई प्रतियोगिताको अनुभव गराउनका लागि लिगमा सहभागी हुन तयारी गरिरहेको अन्य क्लबहरुसँग पनि अभ्यास खेल खेलाइरहेको उहाँले बताउनुभयो। क्लबले मैत्रीपूर्ण प्रतियोगितामा प्रतिभा युवा क्लब र इन्टरनेट सिटी क्लबसँग अभ्यास खेल खेलिरहेको उहाँको भनाई छ।

# राइनो एफसी विजयी

समाज संवाददाता

हेटौंडाः सयपत्री युवा क्लबको आयोजनामा मकवानपुरको मनहरी गाउँपालिकामा जारी प्रथम संस्करणको जोन राना मगर स्मृति फुटबल प्रतियोगितामा राइनो एफसी क्वार्टरफाइनलमा प्रवेश गरेको छ। आइतबार एफसी मनहरीलाई राइनो एफसीले ३-१ गोलअन्तरले पराजित गरेको हो। राइनोको जीतमा साजन श्रेष्ठले दुई गोल गरे भने अनिल नेपालीले एक गोल गर्दै टिमलाई जीत दिलाएका हुन्।

मनहरीको तर्फबाट सुमित श्रेष्ठले एक गोल गर्न सफल भए। म्यान अफ द म्याच राइनो एफसीबाट साजन श्रेष्ठ घोषित भए। उनले मायाको चिनो र नगद पुरस्कार प्राप्त गरे। यस्तै, आइतबार नै भएको दोस्रो खेलमा लालीगुरास क्लब विजयी भएको छ।

प्रथम संस्करणको मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगिताको आयोजक एफसी सिम्पानी युथ क्लबलाई २-० गोलले पराजित गर्दै लालीगुरास विजयी भएको हो। लाली गुरासको जीतमा पहिलो गोल अमीत थापा मगरले गरे भने दोस्रो गोल सागर तामाङले गरे। म्यान अफ द म्याच अमीत थापा मगर घोषित भएका छन्।

# हेटौंडामा लाइभ सेलो साँझ आयोजना हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा तामाङ मौलिक गीत, संगीत र बाजाबारे जागरण ल्याउने उद्देश्यले लाइभ सेलो साँझ आयोजना गरिने भएको छ। आइतबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजक ओपेरा इन्फोटेन्मेन्ट सिने प्रालिले कार्यक्रमबारे जानकारी गराएको हो।

मकवानपुरमा पहिलो पटक टुङ्गना र डम्फु प्रशिक्षणमा सहयोग पुर्याउनुका साथै 'एक तामाङ घर, एक डम्फु' भन्ने नारासहित कार्यक्रम आयोजना गर्न लागेको कार्यक्रम संयोजक विक्रम लुङ्बाले बताउनुभयो। मकवानपुरे गायक प्रकाश लामा तितुङ र गायिका सुमिना लोले लाइभ सेलो साँझमा प्रस्तुति दिनुहुने संयोजक लुङ्बाले बताउनुभयो। अहिले टुङ्गना र डम्फु बजाउन धेरैलाई नआउने अवस्थालाई मध्यनजर गर्दै उक्त बाजाहरु बजाउन प्रशिक्षण दिन लागेको उहाँले बताउनुभयो।

कार्यक्रमले तामाङ समुदायको संस्कार, संस्कृति, कला, भेषभुषा तथा भाषाको संरक्षणमा मद्दत पुग्नुका साथै तामाङ कलाकारहरुलाई प्रोत्साहन हुने उहाँको भनाई छ। कार्यक्रम आगामी असोज १९ गते हेटौंडा-२ स्थित पल्पसा सभाहलमा आयोजना हुनेछ। कार्यक्रममा तामाङ घेदुङ संघ मकवानपुरका उपाध्यक्ष आत्माराम मोक्तान, सचिव किरण बल, सल्लाहकार सानु लामा दोङ, गायक प्रकाश तितुङ र कलाकार हेम कुमार तामाङ लगायतको उपस्थिति रहेको थियो।

# २८ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडाको बुद्धचोकमा भएको रक्तदान कार्यक्रममा २८ जनाले रक्तदान गरेका छन्। आइतबार हेटौंडा स्कुल अफ म्यानेजमेन्ट (एचएसएम) सोसल सर्भिस क्लब र रोट्र्याक्ट क्लब अफ मकवानपुरले संयुक्तरुपमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो।

कार्यक्रममा ४ जना महिला र २४ जना पुरुषले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौंडाले जनाएको छ। उक्त कार्यक्रममा रोटरी क्लब अफ मकवानपुरका प्रमुख अनिल अग्रवालको प्रमुख आतिथ्य रहेको थियो। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो। यस्तै भदौ १५ गते हेटौंडा-११, नवलपुरस्थित नवयुवा बचत तथा ऋृण सहकारी संस्था लिमिटेडले पनि रक्तदान कार्यक्रमको आयोजना गर्दैछ।

# अनेरास्ववियु बकैयाको अध्यक्षमा सञ्जेल

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) बकैया गाउँपालिका कमिटीको अध्यक्ष भोजराज सञ्जेल चयन हुनुभएको छ। शनिबार बकैया-३, हात्तीसुँडेमा सम्पन्न पहिलो अधिवेशनबाट सञ्जेल अध्यक्षमा सर्वसम्मत चयन हुनुभएको हो।

सञ्जेलको अध्यक्षतामा ३१ सदस्यीय पालिका कमिटी गठन भएको छ। नवनिर्वाचित कमिटीको कार्यकाल एक वर्षको हुनेछ। पालिकाभित्र हरेक शैक्षिक गतिविधिमा संगठनले काम गर्ने अध्यक्ष सञ्जेलले बताउनुभयो। अनेरास्ववियु बागमती प्रदेश कमिटीका अध्यक्ष लाल बहादुर बुढाथोकीको प्रमुख आतिथ्यमा भएको अधिवेशनमा नेकपा एमाले बागमती प्रदेश कमिटीका सदस्य कमल विष्ट, पद्मा पौडेल, पार्टी बकैया अध्यक्ष गोपाल दाहाल, संगठनका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज भुवन मैनाली, मकवानपुर अध्यक्ष अमृत बर्तौला, उपाध्यक्ष नवराज शर्मा र सचिव रामचन्द्र भोलन लगायतको उपस्थिति रहेको थियो।

# स्लो बाइक रेसमा पाख्रिन प्रथम

समाज संवाददाता

हेटौंडाः श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल हेटौंडा उपमहानगरपालिका-६, गौरीटारको आयोजना भएको स्लो बाइक रेसमा मिलन पाख्रिन प्रथम हुनु भएको छ। शनिबार हेटौंडा-६ को प्रणामी चोकमा भएको स्लो बाइक रेसमा पाख्रिन प्रथम हुनु भएको युवा परिषद्का अध्यक्ष प्रदिप बास्तोलाले जानकारी दिनुभयो।

स्लो बाइक रेस एक सय मिटरको दुरीमा भएको थियो। प्रतियोगितामा एलिस तिमल्सिना दोस्रो र सुस्मिता चौलागाई तेस्रो हुनु भएको छ। युवा परिषद्ले रेसमा सफल हुने प्रतियोगीलाई मेडल र प्रमाणपत्र प्रदान गरेको बास्तोलाले बताउनुभयो। प्रतियोगितामा ३५ जनाको सहभागिता रहेको थियो। परिषद्ले साताव्यापी कार्यक्रमको छैठौं दिन स्लो बाइक रेसको आयोजना गरिएको थियो।

## लेखा परीक्षणका लागि सूचिकृत हुने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८१/०५/१०)

हेटौंडा-५, पिप्लेस्थित संजिवनी बचत तथा ऋृण सहकारी संस्था लि. को आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्नका लागि ईच्छुक, इजाजत प्राप्त लेखापरीक्षक फर्मले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिल बमोजिमका कागजातसहित सुचीकृत हुनका लागि यस संस्थाको कार्यालयमा प्रस्ता पेश गर्न सूचित गरिन्छ।

**तपशिलः**

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी... १ प्रति।
२. प्यानको प्रतिलिपी.... १ प्रति।
३. आ.व. २०८०/०८१ को करचुक्तापत्रको प्रतिलिपी... १ प्रति।
४. संचालक/प्रोप्राइटरको नागरिकता प्रमाणपत्रको प्रतिलिपी... १ प्रति।

**संजिवनी बचत तथा ऋृण सहकारी संस्था लि.**
**हेटौंडा-५, पिप्ले**

**Admission Open !!!**

+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
**हेटौंडा- सिटि कलेज (जेनिथ मावि)**
हेटौंडा-५, पिप्ले

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्याबरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




ERKE
Erke brand authorized showroom
**D next dress up**
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

**हाम्रो सुमो सेवाको**
**नयाँ प्रस्तुती...**



**छिट्टै सञ्चालनमा आउँदै।**



**Electric Van**
विद्युतीय भ्यानमा यात्रु सेवा



२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं।

हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला।

भेष खड्गी, सञ्चालक
**हाम्रो सुवो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com